# कास्की निर्वाचन क्षेत्र २(१) को प्रगति विवरण

**पृष्ठभूमि:**

अन्नपूर्ण हिमश्रृंखलासँगै दक्षिणी काखमा अ वस्थित कास्की जिल्लाको क्षेत्र नं. २(१) रमणीय क्षेत्र हो जसले पोखरा महानगरपालिकाका ७,१५,१७,२१ र ३३ वडाहरुलाई आफ्नो निर्वाचन क्षेत्रमा समेटेको छ। यहाँको भू –वनोट विशिष्ट विशेषता बोकेको क्षेत्र हो , जसको न्यूनतम ५०४ मी. उचाई सेतीनदी (कोत्रे) देखि १५१५ मी. मट्टिखानसम्मको क्षेत्र रहेका छन्। पोखरा २१ र ३३ को मट्टिखान डाँडा लगायत अन्य अग्ला स्थानहरुबाट उत्तरतर्फ देखिने पर्यटकहरुको आँखाको नानी स्वरुप रहेका टलक्क टल्किने माछापुच्छ्रे र अन्नपूर्ण हिमालको प्राकृतिक सौन्दर्यता झनै मनमोहक र प्रकृतिको बरदान प्राप्त दृश्यावलीहरुले स्वर्गलाइ नै बिर्साउने आंकलन र अनुभूत गर्न सकिन्छ । मुख्यतया: केही अग्ला होचा डाँडाका क्षेत्र , टारी, पाखा साथै नदी निर्मित बेंसी तथा समतल क्षेत्र रहेका छन् यहाँ। यहाँ बहने मुख्य सेती नदी हो भने दक्षिणको सीमानामा फुर्सेखोला, सुरौंदी, माउसुली र बुलौदीखोला रहेका छन् भने भरतपोखरीतर्फ पुंडीखोला आदि पनि यही क्षेत्र हुँदै बहने गर्दछन् ।

यस क्षेत्रको होचो भागमा अर्धोष्ण र माथिल्लो पहाडी क्षेत्रमा सम शीतोष्ण प्रकारको हावापानी पाइन्छ। यहाँको अधिकतम तापक्रम गर्मीको समयमा ३३ डिग्री सेल्सीयस सम्म हुन्छ। लगभग ८० प्रतिशत मनसुनी वर्षा आषाढ , श्रावण र भाद्र महिनामा हुन्छ। भौगोलिक अवस्थिति र हावापानीका आधारमा विरौटा , छोरेपाटन, मासवार, एयरपोर्ट तथा वन क्याम्पस आदि समथर क्षेत्रमा घना वस्ती रहेको छ भने दक्षिण तर्फका नदी निर्मित समथर जमिन , बस्ती र खेतीयोग्य भूमिको रुपमा उपयोग भएको छ। साथै होचो पहाडी तथा मन्द भिरालो जमिन प्राय : जसो क्षेत्र खेतीयोग्य जमिन र वस्तीले नै ढाकेको छ। उष्ण सदाबहार सालको जंगलले तल्लो पहाडी भागमा र केही अग्ला स्थानहरुमा मिश्रित प्रकारका वनस्पतिले ढाकेको पाइन्छ ।

गण्डकी प्रदेशको राजधानी कास्कीको पोखरा हो अझ यति मात्र होइन प्रदेश राजधानीका साथै प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री कार्यालय, मन्त्रालयहरु र अधिकांश सरकारी कार्यालयहरु यस क्षेत्रको वडा नं ७ र १७ मा पर्दछन् । संघीय निर्वाचन क्षेत्र-२ मा पोखरा महानगरपालिकाका ११ वटा वडा पर्दछन् भने कास्की २(१) मा रहेका ५ वटा वडाको जम्मा जनसंख्या २०६८ को जनगणना अनुसार ७५,५५० रहेको छ। त्यस्तै भौगोलिक बनोटका हिसावले सानो निर्वाचन क्षेत्र भएतापनि यस क्षेत्रमा खसेको मतसंख्या २५,८२८ को ५९.३५ प्रतिशत मत (१५,३२९) हामीले प्राप्त गरी गण्डकी प्रदेशभरिका निर्वाचन क्षेत्रहरु मध्ये सबैभन्दा फराकिलो मतान्तर ७,००४ गराई मलाई विजयी तुल्याउनु हुने यस क्षेत्रका सच्चा न्यायधीश महान जनसमुदायहरुप्रति म पुन: हार्दिक कृतज्ञता र आभार व्यक्त गर्दै सधैँ उहाँहरुको शिर उच्च राख्ने प्रण र प्रतिज्ञा दोहोर्याउन चाहन्छु। भौगोलिक दृष्टिकोणले वडा नम्बर ७,१५ र १७ पुरानो पोखरा उप-महानगरपालिकामा रहेका र २०५४ सालको स्थानीय निकायको निर्वाचन पछि तुलनात्मक रुपमा बढी सुगम र विकसित देखिन्छन्, साविक कृष्ती, निर्मलपोखरी र भरतपोखरी तत्कालिन बेला स्याङ्जा जिल्लामा रहेका क्षेत्रहरु हुन्, २०४६ सालको परिवर्तन पछाडी भने यस क्षेत्रमा हाम्रो पार्टीकै नेतृत्वका कारण विकास निर्माण सन्तोषजनक ढंगले अगाडी बढेको देखिन्छ, २०६४ सालको निर्वाचन पछाडी भने हाम्रै नेतृत्वमा विकासले झनै दूर्त गति हासिल गरेको छ।

**उपस्थित प्रिय मित्रहरु, पत्रकार साथीहरु**

पार्टी नेतृत्वका दृष्टिकोणले मेरो जिम्मेवारी समग्र कास्कीको विकासलाई समानतामूलक रुपले अगाडी बढाउनु पर्ने भूमिका त छदैछ जसमा म अहोरात्र लागिरहेको अवस्था यहाँहरुलाई सर्वविदितै छ तर संसदीय प्रणालीमा आफूले जनताबाट पाएको प्रेमिल माया, विश्वास र जिम्मेवारीलाई जवाफदेही ढंगले आत्मसात र दृष्टिगत गर्दै समग्र कस्केली न्यायप्रेमी जनसमुदायलाई

मन-मस्तिस्कमा सजाउदै कास्की २(१) मा मैले प्रदेश सभा सदस्यको नाताले निर्वाचन पश्चात पार्टीको घोषणा पत्रमा उल्लेख गरिएका प्रतिवद्धताहरु विगत २.५ बर्षमा कति सम्पन्न गर्न सके र कति अझै सम्पन्न हुने दिशामा हामी निरन्तर क्रियाशील छौं भन्ने हेतुका साथ यस कार्यक्रमको आयोजना गरिएको हो ।

गत निर्वाचन पछाडी यस क्षेत्रको समग्र विकासमा हामीले घोषणा पत्रमा उल्लेख गरे अनुरुप कास्की २(१) लाई नमूना निर्वाचन क्षेत्रको रुपमा निर्माण गर्न निरन्तर अग्रसर छौं । जल, जमिन र जंगल लगाएतका प्राकृतिक साधन ,श्रोत र सम्पदाहरुलाई जोडेर ग्रीन स्याटेलाइट सिटीको रुपमा विकास गर्ने अभियानमा लागिपरेका छौं । निर्वाचन क्षेत्र पूर्वाधार विकास, समन्वय र सम्पर्कलाई व्यवस्थित, सुचारु र कार्यालयीय तुल्याउन गण्डकी प्रदेश मै पहिलो र एकमात्र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यालय स्थापना र संचालन गरेका छौं । भौतिक रुपमा सडक, खानेपानी, सिचाई, विध्यालय, प्राथमिक स्वास्थ्य केन्द्र आदि क्षेत्रमा उल्लेखनीय लगानी भएको छ । जसबाट भौगोलिक तथा अन्य दुर्गमतालाई समेत सुगमतातर्फ परिणत उन्मुख भएको महशुस गर्न सकिन्छ । सिंगो मानव समुदाय र मानवीय सभ्यताको चुनौतीको रुपमा देखा परेको कोरोना भाइरस ( Covid-19) बाट हामी नेपालीहरु पनि अछुतो रहन सक्ने कुरै रहेन । कोरोना भाइरसका कारण जीवन गुमाउनुभएका स्वदेश तथा विदेशमा रहेका दिवंगतहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु, कोरोना भाइरसबाट संक्रमित जनसमुदायको स्वाथ्यलाभको कामना गर्दै कोरोना विरुद्ध लड्ने शक्ति प्राप्त गर्न हार्दिक शुभेच्छा प्रकट गर्दछु । यस वीचमा कोरोना महामारीका विरुद्ध लड्न गण्डकी प्रदेश सरकारलाई आफ्नो २ महिनाको सेवा सुविधा तथा पोखरा महानगरपालिकालाई रु.५०,५०५ अक्षरुपी (पचास हजार पाच सय पाच मात्र ) प्रदान गरेको छु ।

- **सदनमा उपस्थिति**

  जम्मा सदन -१७५ उपस्थित -१७४ अनुपस्थित – ०१
- **कार्यव्यवस्थाको बैठक**

  जम्मा बैठक-९२ उपस्थित -८९ अनुपस्थित -०३
- **प्रदेश मामिला समिति**

  जम्मा बैठक-२९ उपस्थित -२७ अनुपस्थित -०२

<u>२०७४ मंसिर १० गते संघीय र प्रदेश सभाको निर्वाचन सम्पन्न भए पश्चात हाम्रो प्रतिवद्धता घोषणा पत्र</u>

- **उद्योग व्यवसाय र पर्यटन**
  - आर्थिक सम्वृद्धि र रोजगारी वृद्धिका लागि उद्योग व्यवसाय संचालनका लागि औधोगिक क्षेत्रका लागि पूर्वाधार तयार गर्ने ।
  - कृषि पर्यटन र साना व्यवसाय संचालनका लागि सिप तालिम लगानी मैत्री बातावरण
  - पर्यटन, खेलकुद, शिक्षा, मनोरन्जन, चलचित्र सूचना प्रविधि लगायतका सेवा प्रदान गर्न व्यवसायका लागि पूर्वाधार निर्माण
  - पर्यटन पूर्वाधारमा जोड दिने
  - पर्यटन मैत्री वातावारण सृजनामा जोड दिदै कृषि, पर्यटन, सांस्कृतिक र प्राकृतिक महत्वका स्थानमा भ्यू पोइन्ट , होम स्टे संचालनमा जोड दिने
  - पातले छागो र गुप्तेश्वर गुफाको स्तारुन्नती गर्दै सुरक्षा प्रवर्धनमा जोड
  - मट्टीखान, भरतपोखरी र निर्मलपोखरीमा पदमार्गको पहिचान र सर्वेक्षण गरिने
  - हरियाली प्रवर्धन र शान्तिवाटिका र पिकनिक सपोर्ट जैविक विविधता पार्क, बनस्पति उद्यन निर्माण गरि स्वाच्छ वातावरण बनाउन जोड

❖ **शिक्षा**

- प्रादेशिक विश्व विद्यालय स्थापना
- प्राविधिक शिक्षालय स्थापनामा जोड
- वन विज्ञान अध्ययन संस्थाको भौतिक संरचनामा थप विकास गरि जैविक विविधता र वातावरण अध्ययन अनुसन्धान गर्ने  मानित विश्वविध्यालयको रुपमा विकास गर्न पहल गर्ने
- प्रत्यक  वडामा वाचानालय स्थापना
- हरेक वडाका बालबालिकालाइ शिक्षाको पहुचमा पुर्याउन
- गरिव, विपत, असक्त व्यक्तिलाई शिक्षा आर्जनका लागि छात्रवृतीको व्यवस्था साथै कम्तिमा एक घर एक स्तानकमा जोड
- हरियो खर्क अस्पताललाइ पूर्ण सरकारी स्वामित्वमा संचालन गर्दै यसको व्यवस्थापन र सेवामा जोड

❖ **यातायात र सडक निर्माण**

- सबै ग्रामिण क्षेत्रबाट वडा केन्द्र हुदै मुख्य शहरमा जोड्ने सडकलाइ आधुनिकीकरणमा जोड दिने
- पोखराका सबै सडकको स्तरोन्नति गर्दै वडा नम्बर ७ र १५  जोड्ने , वडा नम्बर १५ र ३३ जोड्ने गरी सेती नदीमा पुल निर्माणमा जोड
- सुरौदीदेखि स्याङ्जाको पौवेगौडेसम्म मूल सडक साथै शाखा सडक निर्माणमा जोड
- वडा नम्बर ३३ लामे आहाल देखि बागमारा हुदै छोरेपाटन सम्म सडक  बाइपास रोडको विकासमा जोड
- पोखरादेखि विभिन्न  धार्मिक तथा पर्यटकीय स्थलसम्म हाइवेमार्ग जोड्ने पहल
- सबै वडामा सार्वजनिक यातायात संचालनमा जोड दिदै मुख्य बजार पुग्न सहज बनाउन जोड
- पोखराको सुन्दरता र सर सफाईका लागि महानगरसंग समन्वय गरि नाली सडक पेटी सुधारका साथै सडक किनारमा वृक्षारोपणमा जोड
- सार्वजनिक विद्यालयमा भौतिक निर्माण र स्तरोन्नति गरि गुणस्तरीय शिक्षामा जोड
- जातजातिको संस्कृती झल्किने गरि डकुमेन्ट्री बनाइ संग्रालयको स्थापना गरि पर्यटन प्रवद्धनमा जोड
- राम मन्दिर लगायतका मठमन्दिर, बौद्ध गुम्बाहरुको जिर्णद्धार र उपयुक्त व्यवस्थापन गर्दै धार्मिक पर्यटनमा जोड

❖ **स्वास्थ्य  सेवा र खानेपानी**

- स्वास्थ्य केन्द्र , एकिकृत सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक सेवा भवन निर्माणका लागि जोड
- पोखराको मुख्य बजार लगायत कृष्ती, निर्मलपोखरी र भरतपोखरीमा संचालित साना शहरी र सह लगानीका निर्माणधिन खानेपानी आयोजनाहरुलाई व्यवस्थित गर्दै १ घर १ धाराको नीति अवलम्बन गरिने
- नागरिकहरुलाई स्वास्थ्य, मनोरन्जन गर्न पार्क, बाल उद्यान , विश्राम

❖ **कृषि र पशुपालन**

- कृष्ती निर्मलपोखरी भरतपोखरी जस्ता ठाउमा उपयुक्त फलफुल खेति तथा नगदेबालिको संरक्षण विकासका लागि पकेट क्षेत्र घोषणा गरि उत्पादनलाई प्रोत्साहन गर्न
- कृषि उपज तथा पशु धनको विमा गरि कृषकलाइ प्रांगारिक खेति प्रणाली तर्फ प्रोत्साहन गर्न सहुलियत सहित सामुहिक खेति प्रणालीमा जोड
- सहकारीता एवं समुदायको प्रत्यक्ष संग्लग्नतामा कृषि एवं पशुपालन तथा यसमा आधारित कृषि र उद्योगमा जोड दिदै बजारीकरणको व्यवस्था
- प्रधानमन्त्रि कृषि आधुनिकरण आयोजनालाइ विस्तार गर्दै निर्वाहमुखी पद्धतीबाट आधुनिकीकरणमा जोड
- जैविक तह प्रारंगिक मलखाद कारखाना खोलं जोड तथा रिस्र भण्डारण केन्द्रको स्थापना

❖ **विधुतीकारण**

- निर्वाचन क्षेत्रमा सबै बस्तीहरुमा उज्यालो नेपाल कार्यक्रम अन्तर्गत विधुतीकारणमा जोड
- फुर्सेखोला र सुरौदी खोलामा विधुत उत्पादन कार्यलाई अध्यान सहित अगाडी बढाउने
- बैकल्पिक उर्जामा जोड दिदै सरकारी अनुदान र प्राविधिक सेवा सहित विशेष कार्यक्रम
- नगर क्षेत्रको फोहोर व्यवस्थापन गर्न फोहोरबाट उर्जा र कम्पोष्ट बनाउने प्रविधीयुक्त उद्योगलाइ प्राथमिकता दिने
- महानगरसंग समन्वय गरी शहरलाइ सौन्दर्यीकारण र सुव्यवस्थित वातावारणका लागि विद्युत तथा टेलिफोन तार, लगायत खानेपानी पाइपलाइ भूमिगत रुपमा व्यवस्थित गर्ने

❖ **ताल तथा नदी संरक्षण र उपयोग**

- सेती सेती नदि सुरौदी फुर्सेखोलाहरुको करिडोरमा जैविक विविधता एवं जलाधार क्षेत्र संरक्षण, तटबन्ध निर्माणका लागि विशेष योजनामा जोड
- सुरौदी खोला सिमसार र यस क्षेत्रमा पर्ने जलाधार क्षेत्रको संरक्षण गर्दै साना सिचाई कार्यक्रम मार्फत अर्गानिक तरकारी , फलफुल र नगदेवाली एवं मौरीपालनमा जोड दिदै माछापालन र पशुपालन कार्यक्रमलाई समेत ग्रामिण कृषि पर्यटनमा जोड दिने

❖ **समृद्ध पोखराको लागि प्रास्तावित विविध कार्यक्रम**

- पोखरामा रहेको सार्वजनिक जग्गालाइ संरक्षणमा जोड दिने
- पुष्पलाल स्मृति पार्क, पुष्पलाल अध्यान केन्द्रको निर्माण कार्यलाई पुरा गरि व्यवस्थित र आकर्षण बनाउने
- प्राकृतिक विपत्तीका अवस्थामा चाहिने सम्पूर्ण आवश्यक सामाग्री सहितको गोदाम घर निर्माण गरि प्राकृतिक विपत्तीको बेला उद्धार गर्न सक्ने तालिम प्राप्त स्वयंसेवक जनशक्ति तयार गर्ने
- कास्की जिल्लाको यस क्षेत्रमा सुकुम्बासी आयोगबाट कित्ताकाट भएका तर लालपुर्जा नपाएका व्यवस्थित गर्न जोड
- एक वडा १ बैंक स्थापनामा जोड
- शुसासनमा जोड दिदै सूचनाको पहुच तथा तथा उजुरी , गुनासो व्यवस्थापन र जन सम्पर्कको व्यवस्था मिलाइदिने
- सरकारी तथा सार्वजनिक क्षेत्रमा हुने नीतिगत तथा अन्य भ्रष्टाचारमा शुन्य सहनशीलता नीति लिदै सार्वजनिक सरोकार र विकास निर्माण सम्बन्धमा जनप्रतिनिधिसंग सार्वजनिक सुनुवाई गर्ने व्यवस्थामा जोड
- अशक्त पिछडिएको वर्ग र गरिवीको रेखामुनी रहेका जनसंस्थाको उत्थानका लागि विशेष कार्यक्रममा जोड
- भौतिक पूर्वाधार निर्माण गर्दा अपांगता मैत्री बनाउदै लैजान जोड दिने

## ❖ २०७५ /७६ मा प्रदेशबाट वार्षिक विकास कार्यक्रममा समावेश भएका योजनाहरु

| क्र.स | योजनाको नाम | रकम हजारमा |
|---|---|---|
| १ | मुस्ताङचोक विरौटाचोक हिमालय आखा अस्पताल हुँदै दोबिल्ला पुडिटार सडक | ५००० |
| २ | मितेरी पुल पोखरा १५-१७ जोड्ने | ७५०० |
| ३ | विरौटा पुडिटार सडक | १०००० |
| ४ | उपल्लो पुडी लिफ्ट सिचाइ योजना पोखरा ३३ भरतपोखरी | ३००० |
| ५ | भरतपोखरी डिप ट्युबवेल सिचाइ योजना | ७५०० |
| ६ | संघबाट सुरौदी खोला फाट | ८४६ |
| ७ | छोरेपाटन, कृष्ती, निर्मलपोखरी, भरतपोखरी सडक | २२५०० |
| ८ | आँप को रुख खर्च्याङ-फेदिपाटन-दम्सादी-पहारीडाडा हुदै छोरेपाटन सडक | ३०००० |
| ९ | आँप को रुख खर्च्याङ-फेदिपाटन-दम्सादी-पहारीडाडा हुदै छोरेपाटन सडक पर्यटक मार्ग डीपीआर निर्माण | १२५० |
| १० | ढुङेसाघु बृहत पर्यटन विकास गुरुयोजना अनुसारको काम | २५०० |

| | | |
|---|---|---|
| ११ | पुडीटार खा.पा.आ. भरतपोखरी | ७९ |
| १२ | निर्मलपोखरी काउले शिवालय लिफ्ट खा.पा.आ. | ८००० |
| १३ | ओखलेको पधेरो जोमिरे, खा.पा.आ.निर्मलपोखरी | ७९ |
| १४ | सुरौदी खोला फाट सिचाइ योजना, पोखरा-३३ | ८४६ |
| १५ | फेवा सिचाइ प्रणाली | ३२०० |

## ❖ २०७६ /७७ मा प्रदेशबाट वार्षिक विकास कार्यक्रममा समावेश भएका योजनाहरु

| क्र.स | योजनाहरुको नाम | रकम हजारमा |
|---|---|---|
| १ | रविन्द्र स्मृति भवन निर्माण | ५००० |
| २ | प्रदेश औधोगिक क्षेत्रमा पूर्वाधार निर्माण पुणीटार (भोटेपोखरी) | १५००० |
| ३ | फेवा सि.प्र., कास्की | ३२०० |
| ४ | भरतपोखरी डिप टपूबवेल सिंचाई प्रणाली | ३००० |
| ५ | फुस्रेखोला राम्दीफाँट सिचाइ योजना | ८४६ |
| ६ | सुरौदी खोला फाँट सिंचाई योजना | ८४६ |
| ७ | आपको रुख-खर्च्याङ-फेदिपाटन-दम्सदी-पारीडौटा हुदै छोरेपाटन सहकापर्यटक मार्ग कालो पत्रे | २०००० |
| ८ | लामगादी सड़क पुल पो.से.म.न.पा ३३ छोरेपाटन निर्मलपोखरी -भरतपोखरी सड़क, कास्की सड़क पुल | ५३०० |
| ९ | सेती नदी बाच्छाबुदुवामा सड़क पुल | ५३०० |
| १० | सुरौदी खोला पुल,कास्की र स्यांङजा जोड्ने सडक पुल | ५३०० |
| ११ | सुरौदी खोला पुल पौवेगौडे वडा नं, ७ र स्यांङजा सडक पुल | ५३०० |
| १२ | छोरेपाटन-कृषि-निर्मलपोखरी-भरतपोखरी, कास्की | ८५१३ |
| १३ | छिनेडाँडा वात्सायन वृद्धाआश्रम, पोखरा १५, कास्की | १५०० |
| १४ | पोखरा महानगरपालिका २१ दोपहरे सती माजगाउ बक्रेक पौवेगौडे जोड्ने सडक | ६०००० |
| १५ | जनचेतना चिलाउनेखर्क बास्पानी थापले शिवालय मार्ग कास्की कास्की सडक पुल | ५००० |
| १६ | पोखरा म.न.पा. २१ फेदीपाटन पिपल डाली देखि पुष्पलाल अध्ययन केन्द्र हुदै खर्च्यांङ फाफर छहरे सम्म | ५००० |
| १७ | चिसापानी दुलेगौडा सिगारेवास सडक कास्की | ५००० |
| १८ | इन्द्रचोक टोल विकास संस्था अन्तर्गतको सडक स्तरोन्नति पो.न.पा ३३ कास्की | ५००० |
| १९ | पोखरा म.न.पा. २१ हर्रबोट बयली मैदन हुदै स्यर्तुंङ रातमाटा सडक कास्की | ५००० |
| २० | मितेरी पुल पोखरा महानगरपालिका १५ र १७ जोडने कास्की | १५००० |
| २१ | पो.म.न.पा.७ जीरो कि.मि देखी प्रदेश मन्त्रालय जाने बाटोमा पुल निर्माण कास्की | ७५०० |
| २२ | तल्लो खैरेनी डिप टयुबेल सिचाई प्रणाली, पोखरा-३३, कास्की | २५०० |
| २३ | बयली मनकामना बहुउद्देश्यीय सामुदायीक भवन, पो.म.न.पा. २१ | २००० |
| २४ | विरुवामार्ग सामुदायिक भवन, पोखरा महानगरपालिका १७ | २००० |
| २५ | हिमालय आँखा अस्पताल घारिपाटन, पोखराको प्रयोगशाला भवन निर्माण | २५०० |
| २६ | काहुखोला खा.पा आयोजना पोखरा १७ | ४५०० |
| २७ | पोखरा १७ खा.पा आयोजना पोखरा १७ | ५००० |
| २८ | नया गाउ खा.पा.आयोजना पो.म.न.पा.१५ | ३५०० |
| २९ | छोद्दी मुलाबारी खा.पा.आयोजना पो.म.न.पा.२१ | २५०० |
| ३० | हिमालय पर्वतिय संग्रालयमा कोसेली घर निर्माणका लागि अनुदान | २००० |
| ३१ | हिमालय आँखा अस्पतालमा उपकरण खरिद अनुदान | ४००० |
| ३२ | उपल्लो पुडी लिफ्ट सिचाई योजना पोखरा ३३ भरतपोखरी | ५०५० |

| | | |
|---|---|---|
| ३३ | ठुलोखोला ढाडखोला सिंचाई योजना, पोखरा ३३ सिंचाई प्रणाली निर्माण | ३२५० |
| ३४ | डुडेको रह ठुलोखोला सिचाई योजना पोखरा ३३ | ३२५० |
| ३५ | फुर्सेखोला रामदी मट्टीखान सड्क | २०००० |

## ❖ २०७७ /७८ मा प्रदेशबाट वार्षिक विकास कार्यक्रममा समावेश भएका योजनाहरु

| क्र.स | योजनाहरुको नाम | रकम हजारमा |
|---|---|---|
| १ | छोरेपाटन शान्ति स्तुप पदमार्ग | १००० |
| २ | पुडिटारमा प्रदेश्स्तरिय औधोगिक क्षेत्रको डिपीआर तयार पोखरा ३३ | १५०० |
| ३ | हरित पार्क निर्माण थामको डाँडा स्यर्तुंङ बयाली पोखरा २१ | ५०० |
| ४ | फुर्से खोला तटबन्धन बांक्रे फाट पोखरा २१ | १००० |
| ५ | धनुबासे, चिम्दी, मार्से तल्लो र उपल्लो सिचाई कुलो मर्मत पोखरा २१ | १४०० |
| ६ | बाघकोखोर देखि शिवढुंगासम्म भूसंरक्षण मैत्री पदमार्ग निर्माण तथा मर्मत पोखरा २१ | १००० |
| ७ | समस्याग्रस्त क्षेत्रमा प्रांगारिक प्रविधिबाट बालि उत्पादन भरतपोखरी कृस्ती | ५०० |
| ८ | पोखरा महानगरसंगको साझेदारीमा वृहत पोखरा चक्रपथ निर्माण | १५००० |
| ९ | यातायात व्यवस्था कार्यालय भवन निर्माण | ८००० |
| १० | पोखरा २१ दोपहरे किस्ती माझगाउ बक्रेक पोबैगौडे सडक (कास्की स्याङ्जा जोड्ने) | ५०००० |
| ११ | पोखरा २१ फेदिपाटन पिपलडालीदेखि पुष्पलाल अध्ययन केन्द्र हुदै खर्च्याङ फाफर छहरेसम्म सडक | ५००० |
| १२ | इन्द्रचोक टोल विकास संस्था अन्तर्गतको सडक स्तर उन्नती पोखरा ३३ | ५००० |
| १३ | पोखरा २१ हर्रबोट बयाली मैदान हुदै स्यार्तुग रातामाटा सडक | ५००० |
| १४ | फुर्सेखोला रइकरे भालडांडा रान्नी धुवारकोट पोखरा २१ | ५००० |
| १५ | विरौटाचोक पुडीटार सडक पोखरा १७,२१,३३ | २५०० |
| १६ | दुलेगौडा धम्जाको चौतारी मासवारी आरोट सडक पोखरा ३३ | ५००० |
| १७ | जनचेतन चिलाउनेखर्क बास्पानी थाप्ले शिवालय मार्ग पोखरा २१ | ५००० |
| १८ | चिसापानी दुलेगौडा सिन्गारेवास सडक पोखरा ३३ | ५००० |
| १९ | मुस्ताङ्चोक सहिदचोक हलनचोक जिरो किलो सडक | ३०००० |
| २० | पोखरा ७ जिरो किमी देखि प्रदेश मन्त्रालय जाने बाटोमा पुल निर्माण | ७००० |
| २१ | पोखरा १७ र २१ पुष्पलाल अध्ययनकेन्द्र जोड्ने फुस्रेखोला सडक पुल | ७५०० |
| २२ | फुर्सेखोला नियन्त्रण पोखरा | २५०० |
| २३ | सुरौदीखोला नियन्त्रण पोखरा २१,३३ | ३५०० |
| २४ | उपल्लो पुडी लिफ्ट सिचाई योजना २५ हे. पोखरा ३३ भरतपोखरी | १००० |
| २५ | डुडेको रह ठुलो खोला सिचाई योजना १८ हे पोखरा ३३ | ३००० |
| २६ | फेवा सिचाई प्रणाली | ५००० |
| २७ | फेवा सिचाई प्रणाली(नहर संचालन तथा व्यवस्थापन) | १७०० |
| २८ | वृहत भरतपोखरी निर्मलपोखरी डिप ट्युबवेल सिचाई योजना पोखरा २१ र ३३ | १५०० |
| २९ | तल्लो खैरेनी डिप ट्युबवेल सिचाई प्रणाली पोखरा ३३ | १००० |
| ३० | इन्भेस्टीगेसन डिप ट्युबवेल निर्माण पोखरा १७ डेमसाइड कास्की तथा अन्य | १५२०० |
| ३१ | जीवजीवे खा.पा.आ. पोखरा २१ | १६३० |
| ३२ | जागृती टोल खा.पा.आ. पोखरा २१ | १६३० |
| ३३ | तल्लो रातोपैह्रो खा.पा.आ. पोखरा १७ | १६३० |
| ३४ | डेमसाइड तितेपानी शितलपथ खा.पा.आ. पोखरा १७ | १६३० |

| | | |
|---|---|---|
| ३५ | ठुलापाखा खा.पा.आ. पोखरा ३३ | २०३० |
| ३६ | पोखरा १७ खा.पा.आ | १००० |
| ३७ | नयाँगाउ खा.पा.आ. पोखरा १५ | १००० |
| ३८ | छोद्दी मुलाबारी खा.पा.आ. पोखरा २१ | ३५०० |
| ३९ | शुसान्त टोल खा.पा.आ. पोखरा १७ | १६३० |
| ४० | एस ओ एस बालग्राम पोखरामा अध्ययनरत लक्षित समुहका बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | ५००० |
| ४१ | रातीखहरे खेलकुद मैदान निर्माण पोखरा १५ | १००० |
| ४२ | जेष्ट नागरिक दिवा सेवा केन्द्र निर्माण क्रमागत पोखरा २१ अभियान मार्ग चापको बोट | १५०० |
| ४३ | महिला बहुउदेश्यीय भवन निर्माण पोखरा २१ अभियान टोल पाखुरी डाँडा ठाडोचौर | ३५०० |
| ४४ | रातीखहरे फुटबल ग्राउण्ड निर्माण पोखरा १५ | ५००० |
| ४५ | सेती नदी बाच्छीबढुवामा सडक पुल | ४५०० |
| ४६ | सुरौदी खोला पुल कास्की र स्याङ्जा जोड्ने (कास्की सडक पुल) | ४००० |
| ४७ | ओखालेको पधेरो जोमीरे खा.पा.आ निर्मलपोखरी पोखरा २१ | २००० |
| ४८ | पुडीटार खा.पा.आ भरतपोखरी पोखरा ३३ | १००० |
| ४९ | निर्मलपोखरी काउले लिफ्ट खानेपानी आयोजना | ३०००० |
| ५० | फुर्सेखोला राम्दीफाट सिचाई योजना | १००० |

## ❖ २०७६/७७ निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत सम्पन्न भएका योजनाहरु

| **क्र.स** | **योजनाहरुको नाम** | **रकम** |
|---|---|---|
| १ | श्री कृष्ण माखेल.वि. मैदान स्तरउन्नती गरी विद्यालय क्षेत्र वरपर तारबार | २५०० |
| २ | होटल लेगेसी पछाडी ढलान बाटो निर्माण गर्ने (मुस्ताङ्चोक) | १५०० |
| ३ | तिनकुने पार्क देखि एयरपोर्ट तारबार हुँदै राधाकृष्ण मन्दिरसम्म बाटो मर्मत सम्भार | १००० |
| ४ | बन क्याम्पस छेउको बाटो निर्माण | २५०० |
| ५ | सिद्धेश्वर मन्दिर तथा जेष्ठ नागरिक भौतिक निर्माण | २०० |
| ६ | अलकापुर मार्ग सडक निर्माण तथा खानेपानी लाइन सुधार | १३०० |
| ७ | रातीखहरे फुटवल मैदान निर्माण | ५०० |
| ८ | हनुमान टोल खानेपानी लाइन बिस्तार तथा उपल्लो रातो पैह्रोमा नाली मर्मत | ९०० |
| ९ | नमुना टोलमा ट्रष्ट निर्माण | ५०० |
| १० | भयरथान पुल्चोक बाटो निर्माण | ५०० |
| ११ | बाराही टोलमा सामुदायिक भवन निर्माण | ५०० |
| १२ | प्रगति टोल देखि नगिना टोलसम्म बाटो ढलान | ९०० |
| १३ | भयरथान प्रगतिशिल टोलमा खानेपानी पम्प सेट | २०० |
| १४ | जलदेवि विद्यालय देखी अधिकारी गाउँ धैरेनी हुँदै भण्डारी गाउँ जाने बाटो | ७०० |
| १५ | ठकुरी गाउ तथा दुहार आमा साहु सामुदायिक भवन निर्माण | १००० |
| १६ | ल्याडे कार्तिकेपानी सडक स्तरउन्नती | ६०० |
| १७ | निर्मलपोखरी कोट हुदै मैदान जाने बाटो मर्मत | ५०० |
| १८ | धुवारकोट समाज घर निर्माण | ४०० |
| १९ | सिमलचौर खेल मैदान | ३०० |
| २० | उपल्लो पुडी तल्लोपुडी बाटो निरन्तरता | ५०० |
| २१ | कटहरको रुख छाटी भन्ज्याङ सिढी बाटो | ५०० |
| २२ | दलित कुलदेवता मन्दिर निर्माण मासवारी टोल (कल्सौदी) | ५०० |

| | | |
|---|---|---|
| २३ | सिगारेवास, सिप्लेनतरा तथा चिलाउने सामुदायिक भवन | ११०० |
| २४ | शिशुकल्याण मा.वि. निर्माण | ५०० |
| २५ | उपल्लोपुडी प्रतिक्षालय एवं नव दुर्गा आमा समुहको भवन निर्माण | ४०० |

## ❖ प्राधिकरणबाट प्राप्त रकम

| क्र.सं. | कार्यक्रमको नाम | रकम रु. (हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | आदर्श विद्यालय विकाश कार्यक्रम (भविश्य निर्माण मा.वि., पो म न पा-२१, कास्की) | ५०० | |
| २ | प्रारम्भिक वालविकास केन्द्र स्थापनाका लागि पूजीँगत अनुदान (सरस्वती टिका मा.वि., पोखरा मनपा-३३, कास्की) | ५०० | |
| ३ | भगवती आधारभूत विध्यालय पोखरा ३३ | ३५०० | २ कोठे भवन |
| ४ | जनचेतन मा.वि पोखरा २१ | ७००० | ४ कोठे भवन |
| ५ | जानकी नि मा वि पोखरा १७ | | ४ कोठे भवन |
| ६ | शान्ति उदय मा.वि | | ४ कोठे भवन |
| ७ | शिशु कल्याण मा.वि पोखरा ३३ | | ४ कोठे भवन+ शौचालय |
| ८ | सरस्वती टिका मा.वि | | ४ कोठे भवन |
| ९ | जन जागृती आ.वि | | २ कोठे भवन |
| १० | नव ज्योती आ.वि- पोखरा ३३ | | शौचालय निर्माण |
| ११ | रामदी आ.वि-पोखरा २१ | | शौचालय निर्माण |
| १२ | बालकल्याण आ.वि शौचालय | | शौचालय निर्माण |
| १३ | श्रीकृष्ण मा.वि पोखरा ७ | | ४ कोठे भवन |
| १४ | पार्दी मा.वि पोखरा १७ | | क्रमागत |
| १५ | भविष्य निर्माण मा.वि | | क्रमागत |
| १६ | शुक्ला गण्डकी नि.मा.वि पोखरा ३३ | | क्रमागत |
| १७ | सरस्वती टिका मा.वि पोखरा ३३ | | क्रमागत |

**विविध योजनाहरु**

- ✓ कृष्ती बक्रेक पौवेगौडे मोटरबाटो १२.३ कि.मी ३२ करोड ९० लाख
- ✓ पोखरा १७ ड्यामसाइडपार्क निर्माण (झण्डा पार्क) ४ करोड ९ लाख
- ✓ विरौटा पुडीटार सडक १ करोड
- ✓ गुप्तेश्वर क्याम्पस ४० लाख
- ✓ वडा नम्बर १७ सांग्रिला जनस्वास्थ्य हुदै महतगौडा सर्भे भएको ४० लाख
- ✓ रत्नचोकदेखि ड्यामसाइडसम्म फुटपाथ ४ करोड
- ✓ गुप्तेश्वर क्याम्पस पोखरा १७ ११ लाख
- ✓ पोखरा २१ निर्मलपोखरी चिलाउने खर्क १० लाख
- ✓ निर्वाचन क्षेत्र भित्र विभिन्न पहिरो गएको स्थानमा तार जाली उपलब्ध गराइएको

**सम्पन्न गर्न बाँकी रहेका प्रतिवद्धताहरु**

| | | |
|---|---|---|
| १ | प्रदेश औधोगिक क्षेत्रमा पूर्वाधार निर्माण पुणीटार (भोटेपोखरी) | डीपीआर तयार भएको |
| २ | पर्यटन, खेलकुद, शिक्षा, मनोरन्जन, चलचित्र सूचना प्रविधि लगायतका सेवा प्रदान गर्न व्यवसायका लागि पूर्वाधार निर्माण | अध्ययन भइरहेको |
| ३ | प्राकृतिक महत्वका स्थानमा भ्यू पोइन्ट | बाँकी कार्यकालमा सम्पन्न गरिने |
| ४ | प्रत्यक  वडामा वाचानालय स्थापना | बाँकी कार्यकालमा सम्पन्न गरिने |
| ५ | हरियो खर्क अस्पताललाइ पूर्ण सरकारी स्वामित्वमा संचालन गर्दै यसको व्यवस्थापन र सेवामा जोड | संघबाट थालनी भएको |
| ६ | पोखराका सबै सडकको स्तरोन्नति गर्दै वडा नम्बर ७ र १५  जोड्ने , वडा नम्बर १५ र ३३ जोड्ने गरी सेती नदीमा पुल | प्रक्रियामा रहेको |
| ७ | जातजातिको संस्कृति झल्किने गरि डकुमेन्ट्री बनाई संग्रालयको स्थापना गरि पर्यटन प्रवद्धनमा जोड | बाँकी कार्यकालमा सम्पन्न गरिने |
| ८ | नागरिकहरुलाई स्वास्थ्य, मनोरन्जन गर्न पार्क,  बाल उद्यान , विश्राम | बाँकी कार्यकालमा सम्पन्न गरिने |
| ९ | जैविक तह प्रारंगिक मलखाद कारखाना खोलं जोड तथा रिप्त भण्डारण केन्द्रको स्थापना | बाँकी कार्यकालमा सम्पन्न गरिने |
| १० | फुर्सेखोला र सुरौदी खोलामा विधुत उत्पादन कार्यलाई अध्यान सहित अगाडी बढाउने | |
| ११ | महानगरसंग समन्वय गरी शहरलाइ सौन्दर्यीकारण र सुव्यवस्थित वातावारणका लागि विद्युत तथा टेलिफोन तार, लगायत  खानेपानी पाइपलाइ भूमिगत रुपमा व्यवस्थित गर्ने | पोखराको हकमा सुरु भएको |
| १२ | प्राकृतिक विपत्तीका अवस्थामा चाहिने सम्पूर्ण आवश्यक सामाग्री सहितको गोदाम घर निर्माण गरि प्राकृतिक विपत्तीको बेला उद्धार गर्न  सक्ने तालिम प्राप्त स्वयंसेवक जनशक्ति तयार गर्ने | अध्ययन भइरहेको |
| १३ | एक वडा १ बैंक स्थापनामा जोड | वडा नम्बर २१ मा बाँकी |
| | | |

**नोट :   माथि उल्लेखित प्रतिवद्धता बाहेक अन्य प्रतिबद्धताहरु केही पूर्ण भएको र केही ठूलो योजनाहरु प्रगतिको चरणमा रहेको**

अन्त्यमा, हामी कस्केली जनताले नसोचेको बज्रपात हाम्रो सामु आइपर्यो जसको परिणामस्वरुप: हाम्रो प्रिय नेता रविन्द्र अधिकारीलाई हाम्रो माझबाट सधैका लागि गुमाउन पुग्यौं जसका कारण सिंगै मुलुक र समग्र कास्कीको विकासमा अपुरणीय क्षति पुग्यो तथापि न्यायप्रेमी जनताको अपार मायाको निरन्तरता हामीले अनुभूत गर्न पाएकोमा महान् कस्केली जनताप्रति शिर निहुराएर हार्दिक अभिनन्दन व्यक्त गर्न चाहान्छौ साथै दिवंगत लोकप्रिय नेता क.रविन्द्र अधिकारीप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै उहाँले देखेको सपनाहरु साकार तुल्याउन सदैव लाग्ने प्रण गर्दछु ।

**२०७७ असोज २३ गते शुक्रबार**

क्रान्तिकारी अभिवादन सहित

कृष्णबहादुर थापा
प्रदेश सभा सदस्य, गण्डकी प्रदेश